# KYC विवरण अद्यावधिक गर्ने बारेको अत्यन्त जरुरी सूचना !

यस विकास बैंकमा खाता खोली कारोवार गर्दै आउनु भएका खातावाला महानुभावहरुलाई आफ्नो ग्राहक पहिचान (KYC) विवरण उपलव्ध गराई खाता अद्यावधिक गराउनुहुन पटक पटक सूचना गर्दा समेत अझै केही खाताहरुमा KYC विवरण अद्यावधिक नभएकोले सम्बन्धित ग्राहक महानुभावहरुको जानकारीको लागि पुनः यो सूचना जारी गरिएको छ।

सम्पत्ति शुद्धिकरण (मनि लाउण्डरीङ) निवारण ऐन २०६४ मा अनिवार्य रुपमा KYC विवरण अद्यावधिक गराएर मात्र खातामा कारोवार गराउनुपर्ने व्यवस्था रहेकोले यस विकास बैंकमा खाता खोली कारोवार गर्दै आउनु भएका KYC विवरण अद्यावधिक गर्न बाँकी खातावाला महानुभावहरुले यहि २०७६ श्रावण मसान्त भित्र आफनो खाता रहेको शाखा वा नजिकको पायक पर्ने शाखामा गई ग्राहक पहिचान विवरण अद्यावधिक गराउन अनुरोध गरिन्छ। उक्त अवधिमा समेत विवरण अद्यावधिक नगरिएका खाताबाट मिति २०७६ भाद्र १ गते पछि पूर्ण रुपमा कारोवारमा रोक लगाउन बैंक बाध्य हुने व्यहोरा जानकारी गराउँदै यसवाट ग्राहक महानुभावहरुलाई पर्न जाने असुविधाको लागि विकास बैंक क्षमा याचना गर्दछ।

पुनश्चः ग्राहक महानुभावहरुको सुविधाको लागि विकास बैंकले आफ्ना सवै शाखाहरु मार्फत ग्राहक पहिचान (KYC) विवरण अद्यावधिक गर्न सकिने व्यवस्था मिलाईएको व्यहोरा समेत जानकारी गराईन्छ।

**लुम्बिनी विकास बैंक लि.**
**Lumbini Bikas Bank Ltd.**
निरन्तर सहयात्रा
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्रप्राप्त संस्था)


केन्द्रीय कार्यालय, चौथो तल्ला
सनराईज विज पार्क, डिल्लीबजार, काठमाडौं
फोन नं. ०१-४४१३२३४/४४१३२३२